## वराहपोखरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
[illegible] खोटाङ

१ नं. प्रदेश, नेपाल

# इन्टरनेट जडानको कार्य गर्न शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।११।३०**

यस वराहपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र यस अन्तर्गतका ६ वटै वडा कार्यालयहरुमा सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र व्यवस्थित बनाउनका लागि आवश्यक सम्पूर्ण उपकरण सहित कम्तिमा १ Mbps क्षमताको इन्टरनेट जडान कार्य सेवा परामर्शबाट गर्नु पर्ने भएको हुँदा सम्बन्धित कार्य गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता भई नियमित संचालनमा रही योग्यता पुगेका इच्छुक फर्म, कम्पनी वा संस्थाहरुलाई निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. अद्यावधिक नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७४/०७५ सम्मको आय कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र निवेदन सहित नगद रु.१,०००/- (अक्षरुपी एक हजार) मात्र दरभाउपत्र दस्तुर तिरी ( पछि फिर्ता नहुने गरी) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन ( २०७५/१२/१४) भित्र कार्यालय समयमा यस कार्यालबाट इच्छुक दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी दरभाउपत्र शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइइटरको नाम र ठेगाना, फोन नम्बर, मोबाइल नम्बर समेत स्पष्ट खुलाई फर्मको आधिकारिक छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिन (मिति २०७५/१२/१४) गतेका दिनसम्म दिउँसोको ठीक १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिन (मिति २०७५/१२/१४) गतेका दिन दिउँसो ठीक २:०० बजे कार्यालयका प्रतिनिधिहरु तथा दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिइनेछ ।

६. दरभाउपत्र फारामका साथ जमानत बापतको रु.५४,०००/- (अक्षरुपी चौवन्न हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ, दिक्तेलको राष्ट्रिय वाणिज्य बैंक, खोटाङ, दिक्तेलमा रहेको धरौटी खाता नं.२०६०३०३००७११ मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिडबन्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बिडबन्डको सक्कल संलग्न राख्नु पर्नेछ ।

७. शर्तहरुमा रहेको रीत नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन ।

८. दरभाउपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहीछाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. दरभाउपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित), स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसारको हुनु पर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. कम्तिमा १ वर्षको समय यस कार्यमा कार्य अनुभव प्राप्त भएको हुनु पर्नेछ ।

१५. उक्त कार्य सम्झौता भई कार्यादेश प्राप्त भएको मितिले ३० (तीस) दिनभित्र कार्य सम्पन्न गरी यस कार्यालयलाई हस्तान्तरण गरिसक्नु पर्नेछ ।

१६. उक्त इन्टरनेट जडान सम्बन्धी कार्यमा आवश्यक पर्ने दक्ष जनशक्ति, प्राविधिक यन्त्र उपकरण तथा औजार लगायत आवश्यक अन्य इक्वइपमेन्ट स्वयम् आफैंसँग भएको दरभाउपत्रदाता हुनु पर्नेछ ।

१७. बुँदा नं. १४, १५ र १६ मा उल्लेखित शर्तहरुको प्रमाण पुग्ने आधिकारिक विश्वसनीय कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

१८. माथिका उल्लेखित शर्त बमोजिम तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगर्ने दरभाउपत्रदातालाई गाउँकार्यापालिका तथा गाउँसभाको निर्णय र प्रचलित ऐन कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.इ.रकम रु.( भ्याट सहित) | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०३/२०७५/०७६ | गाउँकार्यपालिकाको कार्यालय र ६ वटै वडाकार्यालयहरुमा इन्टरनेट जडान सम्वन्धी कार्य | रु.१८,००,०००/- (अक्षरुपी अठार लाख मात्र) | रु.५४,०००/- (अक्षरुपी चौवन्न हजार मात्र) | रु.१,०००/- (अक्षरुपी एक हजार मात्र) | |

प्रमुख प्रशासकीय अधिकृत
घनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत